# सााप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १८७, वर्ष ५, २०८० चैत्र २५, April 7, 2024 आइतबार




धौलागिरी आयुर्वेद औषधालय, बागलुङको आयोजना एवम् वडा नम्बर १०, बाग्लुङ नगरपालिकाको कार्यलय, बलेवा आयुर्बेद औषधालयको संयोजनमा भकुन्डे स्थित शिवालय आधारभुत बिध्यालयमा धौलागिरी आयुर्वेद औषधालय प्रमुख डाक्टर शरद पन्थीको अध्यक्षता, कार्यबाहक अध्यक्ष हर्क बहादुर थापाको प्रमुख आतिथ्यतामा एबम शिक्षिका त्रिकला थापाको आतिथ्यतामा जेष्ठ नागरिक आरोग्य सेवा कार्यक्रम सम्पन्न भएको छ।



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा मनाङ्ग अस्पताल, मनाङ्गको न्युनतम सेवा मापदण्डको एघारौं फलोअप सम्पन्न भएको छ। मनाङ्ग अस्पताल, मनाङ्गको न्युनतम सेवा मापदण्डको एघारौं फलोअपमा ५८% अङ्क प्राप्त भएको छ। कार्यक्रमका लागि मुख्य श्रोतब्यक्तिको रुपमा पर्वत अस्पतालका मेशु डाक्टर हेमन्त बाँस्तोला, मध्यबिन्दु जिल्ला अस्पताल, नवलपरासी पूर्वका मेसु डाक्टर जितेन्द्र कंडेल, लमजुङ्ग अस्पतालका मेशु बिशाल तिवारी, नर्शिङ्ग अधिकृत अन्जना पौडेल, अस्पताल ब्यबस्थापक प्रमिला ढकाल र स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत नबराज शर्माको उपस्थिति रहेको थियो। प्रस्तुतीकरण कार्यक्रमको अस्पतालका मेशुको अध्यक्षतामा सम्पन्न भएको थियो।



सोहि अबसरमा अस्पतालमा कार्यरत कर्मचारीहरुका लागि संक्रमण रोकथाम सम्बन्धि Onsite Coaching कार्यक्रम समेत संचालन भएको थियो।

दादुरा संक्रमित बालबालिकालाई साबिक भन्दा बढी पोषिलो खानेकुरा खुवाउने गरौ। दादुरा भएका प्रत्येक बालबालिकालाई स्वास्थ्यकर्मीको सल्लाह अनुसार भिटामिन ए खुवाउनु पर्दछ।

**निशुल्क एम्बुलेन्स सेवाका लागि १०२ मा फोन गर्नुहोस।**

# सा्साहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १८७, वर्ष ५, २०८० चैत्र २५, April 7, 2024 आइतबार




स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा नयाँ विस्तारित हुने स्वास्थ्य संस्थाहरुमा परिमार्जित एच.एम.आइ.एस., डि.एच. आई.एस.-२ र एल.एम.आइ.एस. सम्बन्धी अभिमुखिकरण कार्यक्रम देवचुली नगरपालिका, नवलपरासी ब.सु.पू.मा सम्पन्न भएको छ। यस कार्यक्रममा स्वास्थ्य निर्देशनालयका चित्रकला अधिकृत होग्रेथ भुर्तेलको अध्यक्षता, स्वास्थ्य कार्यालय, नवलपरासी ब.सु.पू.का निमित्त कार्यालय प्रमुख मुक्तिनाथ भट्टराईको प्रमुख आतिथ्यता, स्वास्थ्य निर्देशनालयका प्रशासकिय अधिकृत कमल बाहादुर के.सी., स्वास्थ्य कार्यालय, नवलपरासी ब.सु.पू.का तथ्याङ्क अधिकृत शिवशरण पराजुलि, ल्याब टेक्निसियन डिल्लीराम तिवारी, देवचुली नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख राम कुमार श्रेष्ठ, बूलिङटार गाउँपालिका, स्वास्थ्य शाखा प्रमुख अशोक कुमार श्रेष्ठ, बिनयी त्रिवेणी गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख ऋषि राज काफ्लेको आतिथ्यतामा सञ्चालन भएको थियो। कार्यक्रम सञ्चालन स्वास्थ्य निर्देशनालयका तथ्यांक अधिकृत तथ्यांक प्रविण भण्डारी गर्नुभएको थियो।

**दादुरा मिजल्स् भाइरसबाट हुने अति संक्रामक रोग हो। यो रोग कुनै पनि उमेरको मानिसलाई र विशेष गरि बालबालिकालाई लाग्न सक्दछ । अति संक्रामक भएको कारणले गर्दा, यो रोगले छिट्टै महामारीको रुप लिन सक्दछ ।**



गण्डकी प्रदेश प्रमुख माननीय डिल्लीराज भट्टको प्रमुख आतित्यथामा जिल्ला नागरिक आरोग्य समिति संयोजक तथा जिल्ला समन्वय समिति प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा नागरिक आरोग्य अभियान अन्तरक्रिया कार्यक्रम भएको छ। सो कार्यक्रममा गण्डकी प्रदेश, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका निमित्त सचिव, नीति तथा योजना, जनस्वास्थ्य तथा जनसंख्या महाशाखा प्रमुख, चिकित्सा सेवा महाशाखा प्रमुख, जिल्ला समन्वय अधिकारी, जिल्ला शिक्षा विकास तथा समन्वय इकाई प्रमुख, वरिष्ठ श्रम अधिकृत, जिल्ला समन्वय समिति उपप्रमुख सहित सम्पूर्ण सदस्यहरु, कास्की जिल्ला स्थित पालिका प्रमुखहरु, उपप्रमुखहरु, प्रमुख प्रशासकीय अधिकृतहरु, शिक्षा संयोजकहरु, स्वास्थ्य संयोजकहरु, आयुर्वेद संयोजकहरु, भिडावारी प्रा.स्वा.के. आयुर्वेद चिकित्सक, आयुर्वेद औषधालयका प्रमुखहरु, नागरिक आरोग्य सेवा केन्द्रका प्रमुखहरुको उपस्थिति रहेको थियो। कार्यक्रममा डा.रमेश कुमार के.सी. र डा.कुमार कासुलाको कार्यपत्र प्रस्तुतीकरण रहेको थियो ।

# साप्ताहिक समाचारपत्रिका

अंक १८७, वर्ष ५, २०८० चैत्र २५, April 7, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




स्वास्थ्य कार्यालय, म्याग्दीको आयोजनामा संचालित राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत खोप सेवामा संलग्न स्वास्थ्यकर्मीहरुलाई नयाँ खोप, कोल्डचेन व्यवस्थापन, ए.इ.एफ.आइ र सर्भिलेन्स तथा खोप सेसनको व्यवस्थापन र सरसफाई प्रवर्द्धन सम्बन्धी ४ दिने आधारभूत तालिमको पहिलो ब्याच सम्पन्न भएको छ।



बडिगाड स्वास्थ्य शाखा, बाग्लुङ्गको आयोजनामा क्षयरोग मुक्त नेपाल अभियान अन्तर्गत क्षयरोग मुक्त स्थानिय तहको अभियानमा बाग्लुङ जिल्लाको बडिगाड गाउँपालिका वडा न.२ आधारभूत स्वास्थ्य सेवा केन्द्र खर्बाङमा वडा स्तरीय क्षयरोग मुक्त अभियान समिति गठन तथा शुक्ष्म योजना तर्जुमा २ दिने गोष्ठी सम्पन्न भएको छ।



स्वास्थ्य कार्यालयको आयोजनामा मालिका गाउँपालिका, म्याग्दीको आधारभुत अस्पताल दर्बाङमा मिति २०८०/१२/२४ गतेका दिन हुन गइरहेको सन्तानको रहर पुगिसकेका दम्पतीका लागि निशुल्क मिनिल्याप, भ्यासेक्टोमी र महिलाहरुका लागि पाठेघर मुखको भि.आई.ए. स्क्रिनिङ जाच शिविरको प्रचारप्रसार कार्यक्रम संचालन भएको छ।



महाशिला गाउँपालिका, पर्वतको व्यवस्थापन तथा अन्तरास्ट्रिय पर्वत समाजको आयोजनामा महाशिला आधारभुत अस्पताल, लुंखुमा संचालित १ दिने निशुल्क स्वास्थ्य शिविरमा ४०७ जना बिरामीहरुले स्वास्थ्य सेवा लिएका छन।

# सा्ताहिक समाचारपत्रिका

अंक १८७, वर्ष ५, २०८० चैत्र २५, April 7, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




स्वास्थ्य शाखा- रघुगंगा गाउँपालिकाको आयोजनामा गाउँपालिका अन्तर्गतका नर्सिङ कर्मचारीहरुको सहभागीतामा स्थानीय तहमा उत्तर प्रसूति स्याहार घरभेट (PNC Home Visit) कार्यक्रमको सुक्ष्म योजना तथा समिक्षा गोष्ठी सम्पन्न भएको छ।



स्वास्थ्य कार्यालय, पर्वतको आयोजना तथा जलजला गाउँपालिका, लेखफाँट स्वास्थ्य चौकीको समन्वयमा स्वास्थ्य संस्थामा कार्यरत प्रसूति सेवा प्रदायकहरुको लागि मातृ तथा नवशिशु स्वास्थ्य सम्बन्धि onsite coaching मेन्टोरिङ कार्यक्रम सम्पन्न भएको छ। जसमा सामान्य प्रसूति, प्रसूती पछिको अत्याधिक रक्तस्राव व्यवस्थापन, Pre eclampsia / Eclampsia को व्यवस्थापन, Condom tamponade, Kangaroo mother care, निशासिएको नवशिशुको व्यवस्थापन, recording reporting , infection prevention जस्ता विषयमा ज्ञान सिपको बिकास गरिएको छ। Onsite coaching मा सहभागी २ जना सेवा प्रदायकहरुलाई प्रशिक्षण मेन्टर दुर्गा सापकोटा र सृजना गौतमले गर्नुभएको थियो। उक्त कार्यक्रममा लेखफाँट स्वास्थ्य चौकी व्यवस्थापन समिती, स्वास्थ्य कार्यालयका जन स्वास्थ्य अधिकृत अन्जली पौडेल, जलजला गाउँपालिका स्वास्थ्य शाखामा कार्यरत सि.अ न.मी अन्जली शर्मा, संस्थाका कर्मचारी गरी ११ जनाको उपस्थितीमा सुधार गर्नुपर्ने विषयहरुमा कार्ययोजना पनि बनाइएको छ।



स्वास्थ्य कार्यलय, बागलुङको आयोजना तथा सुनौलो परिवार नेपालको सहकार्यमा बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रमा परिवार नियोजनको स्थायी बन्ध्याकरण शिविर संचालन भएको छ। डाक्टर शुरेश शाक्य लगायतको टिमद्वारा बन्ध्याकरण शिविर सम्पन्न भएको छ।

# सासाहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १८७, वर्ष ५, २०८० चैत्र २५, April 7, 2024 आइतबार




आर्थिक बर्ष २०७९/८० को हात्तीपाइले रोग रोकथामका लागि आम औषधी सेवन कार्यक्रम सञ्चालन गरिएका जिल्लाहरूमा उत्कृष्ट कार्यसम्पादन गरेवापत स्वास्थ्य सेवा विभाग, ईपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, राष्ट्रिय हात्तीपाइले रोग निवारण कार्यक्रमको मुल्याङ्कन अनुसार गण्डकी प्रदेशका ३ जिल्लाका ५ उत्कृष्ठ स्थानीय तहहरु छनौटमा परी उपप्रधान तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रीबाट सम्मान ग्रहण गर्नुभएको छ।



स्वास्थ्य कार्यालय, गोरखाको आयोजनामा राष्ट्रिय खोप कार्यक्रमको समिक्षा एबम छुट खोपको पहिचान, पूर्णखोप सुनिश्चितता दिगोपना र शुक्ष्म योजना तयारीको योजना तर्जुमा गोष्ठी संचालन भएको छ।



रघुगंगा गाउँपालिकाको ७ नं वडालाई म्याग्दी जिल्लामा पहिलो वडाको रुपमा पूर्ण खोप सुनिश्चितता तथा दीगोपना वडा घोषणा गरिएको छ।



रघुगंगा गाउँपालिकाको ८ नं वडालाई पूर्ण खोप सुनिश्चितता तथा दीगोपना वडा घोषणा गरिएको छ।



# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १८७, वर्ष ५, २०८० चैत्र २५, April 7, 2024 आइतबार




जैमिनी नगरपालिका वडा नं ७ जैदी, बाग्लुङ्गमा सञ्चालन गरिएको बालबालिका गर्भवती र सुत्केरी आमाको स्वास्थ्य रक्षाका लागि बहुपक्षीय पोषण कार्यक्रम अन्तर्रगत सुनौला हजार दिनका घरपरिवारका सदस्यहरु जस्तै सासू, बुहारी, श्रीमान, श्रीमतीलाई बृहत् पोषण तथा पोषण तथा पोषण व्यवहार सम्बन्धि एकीकृत तालिम संचालन भएको छ।



आधारभूत स्वास्थ्य सेवा केन्द्र खर्बाङ र सक्न्यार खोप क्लिनिक, बाग्लुङ्गमा नियमित खोप कार्यक्रम सम्पन्न भएको छ ।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**



जलजला-९ बनौ स्वास्थ्य चौकि, पर्बत अन्तर्गत महिला सामुदायिक स्वास्थ्य स्वमसेबिकाद्वारा आफ्नो वडामा रहेका गर्भवती महिलाहरुलाई जीवन सुरक्षा चक्की र नाभि मलम सम्बन्धि परामर्श तथा स्वास्थ्य शिक्षा कार्यक्रम संचालन भएको छ।



सामुदायिक सेवा केन्द्र आम्बोट, पर्वतको आयोजनामा मोदी गाउँपालिका-५ आम्बोटमा स्थानिय व्यक्तिहरुको उपस्थितिमा समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत लागु औषध नियन्त्रण सम्बन्धि सचेतनामुलक कार्यक्रम तथा पर्चा वितरण कार्यक्रम संचालन भएको छ।

# सााप्ताहिक समाचारपत्रिका

अंक १८७, वर्ष ५, २०८० चैत्र २५, April 7, 2024 आइतबार


गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




प्रहरी चौकी, भंगरा, पर्वतको आयोजनामा फलेवास नगरपालिका-९ स्थित स्थानिय व्यक्तिहरुको उपस्थितिमा समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत आत्महत्या रोकथाम सम्बन्धि सचेतनामुलक कार्यक्रम कार्यक्रम संचालन भएको छ।



धवलागिरी गाउँपालिका, म्याग्दी अन्तर्गत मुना स्वास्थ्य चौकी, मुदी स्वास्थ्य चौकी र लुलाङ स्वास्थ्य चौकीमा पुर्ण खोप सुनिश्चितता तथा दिगोपना वडा घोषणा कार्यक्रम संचालन भएको छ।






स्वास्थ्य कार्यलय, बागलुङको आयोजना तथा सुनौलो परिवार नेपालको सहकार्यमा गलकोट नगर अस्पतालमा परिवार नियोजनको स्थायी बन्ध्याकरण शिविर कार्यक्रम संचालन भएको छ।



धौलागिरि आयुर्वेद औषधालय, बाग्लुङ्गमा तेलपाक विधिबाट वातहर तेल निर्माण सम्पन्न भएको छ।

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
पोखरा, नेपाल

# साप्ताहिक समाचारपत्रिका

अंक १८७, वर्ष ५, २०८० चैत्र २५, April 7, 2024 आइतबार



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा आमाको दूध प्रतिस्थापन गर्ने वस्तु (बिक्रि वितरण नियन्त्रण) ऐन २०४९ तथा नियमावली २०५१ सम्बन्धि निरिक्षकहरूलाई ३ दिने अभिमुखिकरण स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका निमित्त महानिर्देशक अन्जु पौडेलको अध्यक्षतामा सम्पन्न भएको छ। कार्यक्रममा विशेष उपस्थितिको रूपमा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका प्रमुख अस्पताल नर्सिङ्ग प्रशासक कमला राना मगर, स्वास्थ्य निर्देशनालयका स्वास्थ्य प्रशासक डाक्टर रोशन ढकालको उपस्थिति रहेको थियो। कार्यक्रममा मुख्य सहजिकरण पश्चिमाञ्चल क्षेत्रिय अस्पताल पोखराका वरिष्ठ बालरोग विशेषज्ञ डाक्टर रामचन्द्र बास्तोला तथा उच्च सरकार वकिल कार्यालय पोखराका उपन्यायधिवक्ता धर्मराज पौडेलले गर्नुभएको थियोभने कार्यक्रममा मातृशिशु मितेरी अस्पतालका बालरोग विशेषज्ञ, कास्की, तनहु र स्याङ्जा जिल्लाका पालिकाहरूका स्वास्थ्य शाखाका प्रमुख, धौलागिरी अस्पताल, पश्चिमाञ्चल क्षेत्रिय अस्पतालका नर्सिङ्ग अधिकृतहरूको उपस्थिति रहेको थियो। साथै स्वास्थ्य निर्देशनालयका प्रशासन शाखा प्रमुख, कन्सल्टेन्ट कम्युनिटि फिजिसियन, लेखा अधिकृत, नर्सिङ्ग अधिकृतहरूको पनि उपस्थिति रहेको थियो। आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तुहरूको नियमन नियन्त्रण गर्नुका साथ आमाको दूध नै सबैभन्दा सर्वोत्तम हो भन्ने कुरालाई प्रर्वद्धन गर्ने प्रतिबद्धताका साथ कार्यक्रम सम्पन्न भएको छ।

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न।
- मानसिक तनाव कम गर्न।








**सम्पादक**
नवराज शर्मा
बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत/सूचना अधिकारी
स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश
(गुनासो तथा सुझावका लागि)
https://hd.gandaki.gov.np/feedback
bhumari80@gmail.com